का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ मंसिर २०७९,
सोमबार
12 December 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २९६ । पृष्ठ २०    Madhyanha National Daily    www.madhyanhadaily.com



*साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड शाखा कार्यालय जुम्लामा आइतबार नून लिन आएका जुम्लाबासीको लाइन । तस्वीर: विजय रावत, रासस*

# जनादेश बदलियो, प्रवृत्ति उस्तै

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ मंसिर ।

सरकारले राजनीतिक दलका नेता तथा कार्यकर्तामाथि लागेको विभिन्न कुसर मिनाहा गर्नेगरी अध्यादेश ल्याउने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले मुलुकी अपराध संहिता २०७४ को दफा ११६ संशोधन गर्नेगरी अध्यादेश ल्याएको हो । यो अध्यादेश राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि विभिन्न कसुरमा सजाय खेपिरहेका जनमत पार्टी, नागरिक उन्मुक्ति र नेकपामा आवद्ध नेता तथा कार्यकर्ताले माफी पाउनेछन् ।

नागरिक उन्मुक्ति र जनमत पार्टीले अप्रत्यासित मत पाएका बेला सरकारले यस्तो अध्यादेश ल्याएकाले चासोका साथ हेरिएको छ । समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड कटाउदै जनमत पार्टी राष्ट्रिय पार्टी बनेको छ । अध्यक्ष सिके राउतले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई पराजित गरेका थिए । उनको दल जनमत पार्टीले समानुपातिकबाट पाँच सिट पाएको छ । नागरिक उन्मुक्तिले थ्रेसहोल्ड कटाउन नसकेपनि प्रत्यक्षतर्फ चार सिट जितेको छ । यी दुई दलसँग ९ सिट छ ।

> सत्ताका निम्ति संविधानमाथि नै हमला गर्न तम्सिएका केपी शर्मा ओलीलाई विस्थापित गरी प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले समेत सत्ता नै सबथोक रहेको सन्देश दिनेगरी अप्रिय निर्णय गर्न छोडेनन् ।

गत मंसिर ४ को चुनावले सत्ता गठबन्धनलाई झिनो संख्याले बहुमत नपुगेकाले यी दुई दलको निर्णय अर्थपूर्ण छ । त्यसका लागि नागरिक उन्मुक्ति र जनमत पार्टीले माग पूरा भएमा सरकारमा जाने संकेत दिएको थियो । राउतले प्रधानमन्त्री शेरबहादुर देउवासहित शीर्ष नेताहरुलाई भेटिसकेका छन् । शनिबार मात्रै नागरिक उन्मुक्तिले पनि माग पूरा भए सरकारमा जाने निर्णय गरेको थियो ।

त्यसको भोलिपल्टै सरकारले आममाफी दिनेबारे अध्यादेश ल्याउने निर्णय गरेको छ । अध्यादेशले टीकापुर घटनाको आरोपमा आजीवन काराबासको सजाय खेपिरहेका रेसम चौधरी सहित नागरिक उन्मुक्तिका नेताहरुलाई माफी दिन सहयोग पुग्नेछ । सँगै, विभिन्न कसुर लागेका जनमत पार्टीका आवद्ध नेता तथा कार्यकर्ताले पनि माफी पाउनेछन् ।

सँगै, अहिलेकै गठबन्धनलाई निरन्तरता दिन र प्रधानमन्त्री देउवालाई

– बाँकी पृष्ठ २ मा



सरकार गठनका लागि स्पष्ट म्यान्डेड चुनावबाट पाउन नसकेपछि वर्तमान सरकारले आफ्नो निरन्तरताकै लागि अध्यादेश ल्याएको छ । जुन संवैधानिक, कानुनी र अभ्यासका हिसाबले पनि गलत छ ।

# सत्ताका लागि अध्यादेश

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ मंसिर

सरकारले राजनीतिक मुद्दाका सन्दर्भमा कैद भुक्तान गरिरहेकालाई समेत छुटाउने गरी अध्यादेश ल्याएको छ । मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले जारी गरेको अध्यादेश अनुसार फौजदारी अभियोगमा जन्म कैदको सजाय पाएर जेल जीवन बिताइरहेका नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरी समेत छुट्न सक्नेछन् ।

मन्त्रिपरिषद्का सदस्यहरुका अनुसार फौजदारी संहिता २०७४ को दफा ११६ संशोधन गर्न अध्यादेश ल्याइएको हो । अध्यादेश अनुसार संहिता संशोधन भएको खण्डमा रेशम चौधरीले पनि माफी पाउन सक्नेछन् ।

वर्तमान सत्ता गठबन्धनमा रहेका दलहरु २९ असार २०७८ देखि सरकारमा छन् । सरकारमा रहेको डेढ वर्षसम्म रेशम चौधरीको रिहाइ प्राथमिकतामा परेको थिएन । तर, चुनावबाट सरकार बनाउन स्पष्ट बहुमत नपाएपछि गठबन्धन बहुमत जुटाउने प्रयासमा छ । अर्थात, सरकार गठनका लागि स्पष्ट म्यान्डेड चुनावबाट पाउन नसकेपछि वर्तमान सरकारले आफ्नो निरन्तरताकै लागि अध्यादेश ल्याएको छ । जुन संवैधानिक, कानुनी र अभ्यासका हिसाबले पनि गलत छ । संविधानविद् विपिन अधिकारीका

– बाँकी पृष्ठ २ मा

> सरकारलाई मनलाग्दी अध्यादेश ल्याउने छुट हुँदैन । काम चलाउ सरकारलाई अझ छैन् । यस्तो बेला राष्ट्रपतिको पनि परीक्षण हुन्छ ।
>
> **बलराम केसी**, पूर्व न्यायाधीश

> नयाँ सरकार गठनका लागि रेशम चौधरी निर्णायक भएपछि उनको रिहाइ गर्नेतिर सरकार लाग्यो । चौधरीलाई लागेको अभियोगका विषयमा छलफल वा बहस हुन सक्छ । तर, जाँदा जाँदैको सरकारले यस्ता विषयमा कुनै निर्णय गर्न सक्दैन ।
>
> **विपिन अधिकारी**, संविधानविद्



# ओरालो यात्रामा उपेन्द्र

> १५ वर्ष अगाडि अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा आएका नेता उपेन्द्र यादव अहिले उनको राजनीतिक करिअरकै ठूलो संकटमा परेका छन् । आम चासो छ, अब उनको राजनीतिक मार्ग के होला ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ मंसिर

पहिलो संविधानसभाको चुनाव पश्चात् मधेशबाट उदयीमान नेताका रुपमा स्थापित भएका थिए- उपेन्द्र यादव । कम्युनिष्ट पार्टीबाट राजनीतिक यात्रा सुरु गरेका उनी विभिन्न आन्दोलन, विरोधमा सहभागी हुँदै मधेशमा स्थापित नेता बने । पहिलो संविधानसभा निर्वाचनबाट ५२ सिट जितेर २०६४ सालको संविधानसभामा चौथो शक्ति बनेपछि उपेन्द्र राष्ट्रिय राजनीतिकै महत्वपूर्ण हिस्सा बन्न पुगेका थिए ।

तर समय फेरियो, एजेण्डा अनुसारका काम गर्न नसकेपछि ५२ सिट जिताउने मतदाताले गत यो चुनावबाट १२ सिटमा सीमित गरिदिएका छन् भने उपेन्द्र आफै

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# श्रम मन्त्रीसमक्ष ठगीका उजुरीहरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

वैदेशिक रोजगारीमा रहेका युवाहरुले विदेशमा आफूहरुले तलब सुविधा नपाएको र विदेश पठाउँछु भन्दै साढे ७ लाखसम्म असुलेको गुनासो गरेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कल सेन्टरबाट सञ्चालन भएको 'श्रमिकसँग श्रम मन्त्री' कार्यक्रममा वैदेशिक रोजगारीमा रहेका युवाहरुले श्रम मन्त्री शेरबहादुर कुँवरसँग उक्त गुनासो गरेका हुन् ।

कार्यक्रममा स्वदेश तथा विदेशबाट श्रमिकहरुले फोन एवम् सामाजिक सञ्जालमार्फत आफ्ना गुनासा, समस्या र सुझाव प्रत्यक्ष राखेका हुन् । प्रतिनिधि र प्रदेससभा चुनावका कारण स्थगित 'श्रमिकसँग श्रम मन्त्री' आइतबारबाट पुनः सञ्चालनमा आएको छ । कार्यक्रम आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म मन्त्रालयको कल सेन्टरबाट सञ्चालन भएको थियो ।

आइतबार स्वदेश तथा विदेशबाट १० जना श्रमिकले मन्त्री कुँवरसँग प्रत्यक्ष फोनमार्फत कुरा गर्दै आफ्ना गुनासा, समस्या र सुझाव राखेका थिए । मन्त्री कुँवरसँग उनीहरुले सबैभन्दा बढी वैदेशिक रोजगारीमा ठगिएका गुनासा र समस्याहरु राखेका छन् ।

फोनमार्फत मन्त्री कुँवरलाई दुबई, मलेसिया, साउदी अरेबियालगायतका देशमा रोजगारीका लागि जाँदा ठगिएको गुनासाहरु बढी आएको उनको निजी सचिवालयले जनाएको छ । सुर्खेतबाट फोन गरेर गुनासो राख्दै एक जना श्रमिकले आफूलाई क्यानडा पठाइदिने भन्दै करिब ६ लाख रुपैयाँ ठगेको गुनासो मन्त्री कुँवरलाई सुनाएका थिए ।

दशौं जना श्रमिकको गुनासा र समस्याहरु सुनेपछि जवाफमा मन्त्री कुँवरले वैदेशिक रोजगारीका लागि विदेश जानुपुर्व सम्बन्धित देश, आफूले गर्ने काम, पाउने सेवा सुविधा, पठाउने म्यानपावर कम्पनी वा व्यक्तिका बारेमा राम्ररी बुझ्ने, जानकारी लिने अनि कसैलाई पैसा तिरेको भए त्यसको प्रमाण राख्ने लगायतका कुरामा ध्यान दिनुपर्नेमा जोड दिए ।

साथै मन्त्री कुँवरले श्रमिकका तत्काल समाधान हुने गुनासा र समस्याहरुबारे सम्बन्धित निकायबाट समाधान खोजिने आश्वासन दिए । कार्यक्रममै मन्त्री कुँवरले श्रमिकका समस्या र सवालबारे तत्कालै बुझेर समाधानका लागि वैदेशिक रोजगार विभाग र बोर्डका सम्बन्धित पदाधिकारीलाई निर्देशन समेत दिएका छन् ।

## मलेसियामा फेरि कामदारको अभाव

**क्वालालम्पुर/मस–** मलेसियामा आर्थिक गतिविधिमा तिव्रता आएसँगै आप्रवासी कामदारको अभाव पुनः चर्किएको छ । मलेसियाका निजी क्षेत्रका रोजगारदाताहरुको संगठन मलेसियन इम्प्लोयर्स फेडेरेसन (एमईएफ)ले आप्रवासी कामदारको अभावले उत्पादनमा र वितरण प्रणालीमा समस्या आएको भन्दै यो अवस्था यथावत् रहेमा मुलुकको अर्थतन्त्रमा शिथिलता देखिन सक्ने बताएको छ ।

तत्काल करिब ४ लाख आप्रवासी कामदार ल्याउने गरी प्रक्रियालाई तिव्रता दिन एमईएफले सरकारसँग माग गरेको छ । आप्रवासी कामदार अभावका विषयमा एमईएफ र सरकारको बुझाईमा एकरुपता भएपनि भिसा तथा अन्य प्रक्रियामा तिव्रता नभएको एमईएफको भनाइ छ ।

कोरोना भाइरस (कोभिड-१९) शुरु भएपछि मलेसियाले आप्रवासी कामदारको भर्नामा लामो समय रोक लगाएको र त्यसपछि भर्नाको प्रक्रिया शुरु गरेपनि माग अनुसार विदेशी कामदार ल्याउने प्रक्रियामा ढिलाइ भएको मलेसियाका सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

विशेषगरी निर्माण, सेवा, हस्पिट्यालिटीसहित प्लान्टेशन उद्योगमा आप्रवासी

– बाँकी पृष्ठ २ मा


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति **२०७९ भाद्र १२** गते बसेको संघ कार्यसमितिको निर्णयअनुसार संघको विधानको दफा २४ (२) को व्यवस्था बमोजिम आगामी मिति २०७९/०९/०८ गते हुन गइरहेको संघको **२९ औं** वार्षिक साधारण सभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको निर्वाचन समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**सभामा निर्णयार्थ पेश गरिने विषयहरु (एजेण्डाहरु)**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को आयव्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०७९/०८० को आयव्ययको लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध

नोट: यस साधारण सभाले आगामी कार्यकालको लागि कार्यसमितिको चयन गर्ने भएकाले निर्वाचन सम्बन्धी जानकारीको लागि निर्वाचन समितिले प्रकाशन गर्ने सूचना हेर्न र संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी थप जानकारीहरु**

साधारणसभामा भाग लिन र मतदान गर्नका लागि एक कम्पनीले १ जना प्रतिनिधि मनोनयन गरी पठाउनु पर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेवी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, इजाजत पत्रको प्रतिलिपी, नागरिकता वा राहदानीको प्रतिलिपि र **पासपोर्ट साइजको दुई प्रति फोटो मिति २०७९/०८/२९ गते भित्र** पठाई प्रतिनिधिबारे जानकारी गराउन हुन अनुरोध छ ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np, nafea69@gmail.com
Website: www.nafea.org.np | Facebook: www.facebook.com/nafeaorg



वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
**तालिम खुल्यो**
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर**, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ मंसिर २०७९, सोमबार
12 December 2022, Monday

## सत्ताका...

शब्दमा अहिलेको सरकारले अध्यादेश ल्याउनु चरम अनैनिकताको उदाहरण हो । यस विरुद्ध सर्वोच्च अदालतमा मुद्दा पर्ने र अदालतले स्वीकार नगर्ने वा गर्ने ठाउँ नरहेको जान्दा जान्दै सरकारले केटाकेटीले जस्तो व्यवहार प्रदर्शन गरेको हो । फौजदारी अभियोगको मुद्दामा जेल जीवन बिताइरहेका व्यक्तिको हकमा हुने निर्णयलाई अदालतले पनि स्वीकार गर्नुपर्ने उनलाई लाग्छ । न्यायपालिका र कार्यपालिका एक अर्काका चेक एण्ड ब्यालेन्स पनि हुन भन्ने कार्यपालिकामा रहेकाहरुले बुझ्नुपर्ने उनको राय छ । नयाँ सरकार बन्न केही दिन मात्रै बाँकी रहेका बेला सरकारले अध्यादेश ल्याउनु नयाँ जनमत र संसदकै अपमान भएको पनि अधिकारी बताउँछन् । 'नयाँ सरकार गठनका लागि रेशम चौधरी निर्णायक भएपछि उनको रिहाइ गर्नेतिर सरकार लाग्यो' अधिकारी थप्छन्, ' चौधरीलाई लागेको अभियोगका विषयमा छलफल वा बहस हुन सक्छ । तर, जाँदा जाँदैको सरकारले यस्ता विषयमा कुनै निर्णय गर्न सक्दैन ।'

मंगलबारको मन्त्रिपरिषद् बैठकले अध्यादेश ल्याउने निर्णय गरेको भए पनि राष्ट्रपतिबाट जारी भइसकेको छैन् । अब राष्ट्रपतिले अध्यादेशलाई रोक्नुपर्ने बताउँछन् सर्वोच्च अदालतका पूर्व न्यायाधीश बलराम केसी । उनी भन्छन्, 'सरकारलाई मनलाग्दी अध्यादेश ल्याउने छुट हुँदैन । काम चलाउ सरकारलाई अझ छैन् । यस्तो बेला राष्ट्रपतिको पनि परीक्षण हुन्छ ।' तर, राष्ट्रपतिको पनि विश्वास गर्न सकिने अवस्था नरहेको उनलाई लाग्छ । 'कसैले ल्याएको अध्यादेश तुरुन्तै जारी गर्ने कसैले ल्याएको नगर्ने उनको प्रबृति छ ।' केसीले भने ।

## जनादेश...

सत्ता टिकाउन समेत अध्यादेश उपयोगी हुने देखिन्छ । तर सत्ता टिकाउनकै निम्ति कानून बदल्नेगरी अध्यादेश ल्याउने निर्णयले भने सरकारको नियतमाथि गम्भीर प्रश्न उठ्नेछ । सत्ताका लागि जस्तोसुकै निर्णय गर्न पनि दलहरु तयार हुन्छन् भन्ने सन्देश जाने प्रष्ट छ ।

संविधान र व्यवस्था जोगाउन गठबन्धन गर्नुपरेको नेताहरुको दावी बिपरीतको थप तथ्य थपिनेछ । ५ पुस २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सत्ता टिकाउन प्रतिनिधिसभा विघटन गर्ने असंवैधानिक निर्णय गरेका थिए । प्रतिनिधिसभा विघटनको निर्णय अगाडि दल विभाजन र संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएकाले ओलीको चर्को आलोचना भएको थियो । तर ओलीले एक कदम अगाडि बढेर प्रतिनिधिसभा विघटनकै निर्णय गरे ।

प्रतिनिधिसभा विघटनसँगै ओलीले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर संवैधानिक नियुक्तिमा विभिन्न सिफारिस गरेका थिए । सत्ता जोगाउने निरन्तरताकै क्रममा ओलीले दुईदुई पटक प्रतिनिधिसभा विघटनको निर्णय समेत गरेपछि अहिलेको गठबन्धन बनेको थियो ।

तर त्यो गठबन्धनको नेतृत्व गरेका प्रधानमन्त्री देउवाले पनि अध्यादेश ल्याउन छोडेनन् । संसदीय दल वा केन्द्रीय कमिटीमा २० प्रतिशत भए दल विभाजन गर्न सकिनेगरी अध्यादेश ल्याएका थिए । यो अध्यादेशबाट एमाले र जसपा विभाजित भयो । त्यसपछि प्रधानन्यायाधीशको कोटाबाट गजेन्द्र हमाललाई उद्योग मन्त्री नियुक्त गरे । चर्को दबाव पछि हमाल आफैले राजीनामा दिए ।

त्यसपछि पनि सत्ता र गठबन्धन अनुकुल हुनेगरी निर्णय गर्न नछोडेका प्रधानमन्त्री देउवाले नयाँ जनादेश आएपछि पनि अध्यादेशको निर्णय गरेका छन् । जबकी यो चुनावबाट ठूला दलहरुले ठूलो क्षति बेहोरेका छन् ।

## ओरालो...

पराजित भएका छन् । उनको ठाउँमा मधेश केन्द्रित राजनीति गरिरहेका सिके राउत उदयीमान नेताका रुपमा देखापरेका छन् ।

'कहिले मधेशवादी, कहिले लोकतन्त्रवादी, कहिले कम्युनिष्टसँग मिलेर पटक पटक सत्तामा जाने तर मूल मुद्दा बिर्सिदाँ जनताले मौन विद्रोह गरेका हुन्' मधेश मामिलाका जानकार डा. राजेश अहिराजले भने । उनले जनताको मुद्दा सम्बोधन नगर्ने हरेक नेताले विस्तारै दण्ड पाउने दाबी पनि गरेका छन् ।

नेता यादवले संविधान निर्माणपश्चात् मधेशका मुद्दा नसमेटिएको भन्दै जलाउने, च्यात्ने र संविधान नमान्ने निर्णय त गरे, तर त्यहीँ संविधानमा टेकेर पटकपटक मन्त्री, सांसद बनेपछि भने जनविश्वास थप गुम्दै गयो । सत्ता स्वार्थका लागि उनले राजपासँग २०७८ सालमा एकता गरे, तर ६ महिना नटिक्दै आपसी टकरावले त्यो एकता भंग भयो ।

डा. बावुराम भट्टराईसँग एकता गरेर जसपा बनाएका यादवसँग आन्तरिक टकराव बढ्दा उक्त एकता पनि छिन्नभिन्न भयो र बावुराम भट्टराई, महेन्द्रराय यादवसहितका नेता भएर अर्को पार्टी गठन गरे । अर्कातिर रुही नाज, रेणुका गुरुङ, अमृता अग्रहरी र नरमाया ढकाल लगायतका नेता जसपा परित्याग गरि अर्को पार्टीमा प्रवेश गरे ।

त्यत्तिमात्रै होइन, पहिलो संविधान सभाको समयमा फोरमसहित तमलोपा र सद्भावना पार्टी मात्र थिए । तर, सत्ताको लडाँइकै कारण दोस्रो संविधानसभासम्म आइपुग्दा मधेसबाट १२-१३ वटा पार्टी बने र ती पार्टीपनि जनताको मुद्धाभन्दा सत्तासंघर्षमै केन्द्रित भए ।

जसले गर्दा उपेन्द्र यादव सहित मधेशमा स्थापित नेता राजेन्द महतो, महन्थ ठाकुर लक्ष्मणलाल कर्ण र राजकिशोर यादव लगायतका नेताले आफ्नो स्थान गुमाउँदै गएका छन् । आगामी संसदमा पनि सत्ताकै वरिपरि मात्रै घुमिरहे जनताले थप कमजोर बनाएर पठाउने देखिएको छ ।

## मलेसियामा...

कामदारको समस्या रहेको बताइएको छ । कोभिडअघि मलेसियामा १७ लाख विदेशी कामदार रहेको, तर हाल त्यो संख्या १४ लाख हाराहारीमा रहेको अनुमान छ । त्यसमा नेपाली कामदारको संख्या उल्लेख्य रहेको छ ।


# कतारमा रोजगार |

कम्पनी: PROSAFE SYSTEMS GARMENTS FACTORY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२८४१ LT. No.: 255893 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

# मलेसियामा रोजगार

कम्पनी: RED FORCE SECURITY SERVICES SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३०७९ LT. No.: 277476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष ४ गते (19 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.

श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन नं.: ०१-४९८८७५४, ४९८८७५५ । E-mail : info@pukaragency@gmail.com

# UAE मा रोजगारको अवसर

कम्पनी : KHIDMAH-SOLE PROPRIETORSHIP L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०६/३० चलानी नं.: ६०१८९५५४ L.T. No.: 273922 पुन पिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 20 | 20 | स. काममा दक्ष | 800 | २८,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ४ गते (19 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## ROTARY OVERSEAS PVT. LTD.

Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 818216982, 9803856062, 9803245895
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## पिपलटार एकीकृत कृषि फर्म प्रा.लि.को संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०८/०२६**

बागमती प्रदेश, धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका-७ मा पिपलटार एकीकृत कृषि प्रा.लि.द्वारा निम्म बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पिपलटार एकीकृत कृषि फर्म प्रा.लि. सिद्धलेक गाउँपालिका-७, ९८५१०८६३२८ |
| **प्रस्तावको व्यहोरा** | पिपलटार एकीकृत कृषि फर्म प्रा.लि.द्वारा करीब ३५ रोपनी जमिनलाई ताछेर जमिन सम्याइ खसी, बाखा, कुखुरा, माछा आदीको पालन गर्ने । |
| **प्रस्ताव पर्न सक्ने जिल्ला/पालिका** | धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका-७ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-के प्रभाव पर्दछ भनी एकीन गर्न सिद्धलेक गाउँपालिका वडा कार्यालय, त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**रायसुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावक** | पिपलटार एकीकृत कृषि फर्म प्रा.लि. सिद्धलेक गाउँपालिका-७, ९८५१०८६३२८ |
| **परामर्शदाता** | हिमायलयन कन्सल्टेन्सी फर इनर्जी इन्भारोमेन्ट एण्ड डेभलभमेन्ट प्रा.लि. अनामनगर, काठमाडौं, ९८०१८११४२७ |

## संक्षिप्त वातारणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/०८/२६**

बागमती प्रदेश, धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका-७ मा पिपलटार एकीकृत कृषि फर्म प्रा.लि.द्वारा निम्म बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पिपलटार एकीकृत कृषि फर्म प्रा.लि. |
| **प्रस्तावको व्यहोरा** | पिपलटार एकीकृत कृषि फर्म प्रा.लि.द्वारा करीब ३५ रोपनी जमिनलाई ताछेर जमिन सम्याइ खसी, बाखा, कुखुरा, माछा आदीको पालन गर्ने । |
| **सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान** | २०७९ पौष ३ गते<br>समय : दिउँसो ३ बजे<br>स्थान : सिद्धलेक गाउँपालिका-७<br>पिपलटार आयोजना स्थल |
| **प्रभाव पर्न सक्ने स्थान** | सिद्धलेक गाउँपालिका-७ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रमा स्थानीय तथा प्रष्टसँग सरोकार राख्ने सरोकारवालाहरुसँग प्रस्ताव कार्यान्वयनका लागि प्रस्ताव कार्यान्वयन प्रभावित हुने क्षेत्रमा सार्वजनिक सुनुवाई गरी राय सुझाव संकलन गर्नुपर्ने नेपाल सरकारको प्रावधान अनुसार माथि तोकिएको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सरोकार राख्ने सम्पुर्ण सरोकारवालाहरु, स्थानीय समुदाय, आदिवासी, धार्मिक समुदाय र स्थानीय तहका पदाधिकारीहरुलाई उक्त कार्यक्रममा उपस्थित भइ आफ्नो राय तथा सुझावहरु दिन अनुरोध गर्दछौं ।

**सम्पर्क**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| पिपलटार एकीकृत कृषि फर्म प्रा.लि. सिद्धलेक गाउँपालिका-७ ९८५१०८६३२८ | हिमायलयन कन्सल्टेन्सी फर इनर्जी इन्भारोमेन्ट एण्ड डेभलभमेन्ट प्रा.लि. अनामनगर, काठमाडौं, ९८०१८११४२७ |

नेपाल सरकार
शहरी बिकास मन्त्रालय

## शहरी विकास तथा भवन निर्माण बिभाग
## सघन सहरी तथा भवन निर्माण आयोजना

झापा

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

**(प्रकाशित मितिः २०७९-०८-२६)**

यस कार्यालयबाट तपसिल बमोजिम को योजनाहरू बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम egp मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम | कबोल अंक (प्रोभिजनल - सम समेत र भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | PUDBC/Jhapa/Work/NCB/02/2079/080 | "Construction of Rabindra Memorial Park, Taplejung" | M/S DREAM MULTIPURPOSE AND SUPPLIERS, Kathmandu | 98,79,626.50 |

आयोजना प्रमुख


# UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : DUBAI TAXI CORPORATION (ROADS AND TRANSPORT AUTHORITY शहर : UAE
पूर्व स्वीकृत मितिः २०७९/04/१५ चलानी नं.: ६०१८४०७० LT. No.:268435 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (TAXI) | 249 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bike Rider | 215 | 0 | | 2750 | ९८,५०५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मितिः

1. Kathmandu, Kathmandu Metropolitian City, Head Office : २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)
2- Jhapa, Birtamod Municipality, C P Hotel : : २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)
3. Sunsari, Itahari Sub-metropolitian City, Khukuri Hotel : २०७९ पुस ४ : २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)
4. Chitawan, Bharatpur Metropolitian City, Hotel Red Carpet : २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)
5. Rupandehi, Butwal Sub- Metropolitian City, Tilotama: २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)
6- Kaski, Pokhara Lekhnath Metropolitian City, Bishram Resto & Bar : २०७९ पुष ४, ५ र ६ (19, 20 & 21 Dec. 2022)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## Deluxe HR Solution (P.) Ltd.

Lic. No.: 956/067/068
DHRS
बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : 01-5172684, 5172686, 5172725, 5172675
Email: deluxehrsolution@gmail.com

# साउदी र कुवेतमा रोजगार

१. कम्पनी : RETAIL WORLD TRADING CO. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३२ L.T. No.: 277577

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ALYOUM CLEANING AND MAINTENANCE COMPANY शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३३ L.T. No.: 277500

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : ALYOUM CLEANING AND MAINTENANCE COMPANY शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३४ L.T. No.: 277579

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : ALYOUM CLEANING AND MAINTENANCE COMPANY शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३५ L.T. No.: 277580

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 24 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : NESTO HYPERMARKET COMPANY WLL शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३१ L.T. No.: 277500

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker / Offices | 40 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sweets Seller | 0 | 20 | | 120 | ५१,३९० | | | | | | | |
| 3. | Warehouse Worker | 40 | 0 | | 100 | ४२,८२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ४ गते (19 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोगंबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८५११२२१९० ९८२३३०१०३५

# ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
# शून्य लागत अन्तर्गत मलेशियामा रोजगारीको अवसर !!

FREE VISA! FREE TICKET! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING!
FREE TRANSPORTATION (TWO WAYS FROM HOMETOWN TO KATHMANDU & VICE VERSA FOR INTERVIEW) & (ONE WAY FROM HOMETOWN TO KATHMANDU FOR DEPARTURE) ! FREE LODGING & MEALS (2 DAYS FOR INTERVIEW) & 4 DAYS FOR DEPARTURE)! FREE PASSPORT (PASSPORT FEES WILL PROVIDED FOR UNSUSED PASSPORT ONLY)
नि:शुल्क भिसा ! नि:शुल्क हवाई टिकट ! नि:शुल्क स्वास्थ्य जाँच ! नि:शुल्क भिसा प्रक्रिया ! नि:शुल्क यातायात (अन्तर्वार्ताको लागि घर देखि काठमाडौं दुई तर्फी आउने जाने) र (उडानको लागि घर देखि काठमाडौं एक तर्फी टिकट) ! नि:शुल्क आवास र खाना (२ दिन अन्तर्वातामा आउँदा र ४ दिन उडानको लागि आउँदा) ! नि:शुल्क राहदानी (प्रयोगमा नआएको राहदानीलाई मात्र राहदानी शुल्क दिइनेछ ) !

Recron
रोजगारदाता कम्पनी : रेक्रोन एसडिएन. (मलेसिया) बिहचडि. ठेगाना : निलाई
(Employer Company) : RECRON (MALAYSIA) SDN BHD Address: NILAI

| पूर्व स्वीकृत मितिः | २०७९/०४/०३ | चलानी नं.: | ६०१८३६६८ | एल टि नं.: | २६७४८६ | पुनः विज्ञापन |
|---|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/07/19 | Invoice No.: | 60183668 | L.T. No.: | 267486 | Re-Advertisement |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) औद्योगिक कामदार | १५० 150 | ५० 50 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४४,७३० 44,730 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

Recron
रोजगारदाता कम्पनी : रेक्रोन (मलेसिया) एसडिएन. बिहचडि. ठेगाना : निलाई
(Employer Company) : RECRON (MALAYSIA) SDN BHD Address: NILAI

| पूर्व स्वीकृत मितिः | २०७९/०८/२५ | चलानी नं.: | ६०१९३१२५ | एल टि नं.: | २६७०३६ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/12/11 | Invoice No.: | 60193125 | L.T. No.: | 267036 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) औद्योगिक कामदार | १५० 150 | ० 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४४,७३० 44,730 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

नोट (NOTE):

१. आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । (Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.)
२. आवेदन दिन इच्छुक जो कोहीले रोजगारको आवेदन फारम भर्नु अघि हाम्रो पूर्वभर्ती अभिमुखीकरण प्रशिक्षण सत्रमा उपस्थित हुनुपर्नेछ । ( Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.)

अन्तर्वार्ता ट्रेन्डवे इन्टरनेशनल अफिस, मध्य बानेश्वर, मिलन चोक, काठमाडौंमा २०७९ पुष २ गतेमा हुनेछ ।
Interview will be held at Trendway Int'l office, Mid baneshwor, Milan chowk, Kathmandu on 17 December 2022.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं ।
If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.
Helpline (Trendway International) : +977 9869135666 | Email : grievance@trendwayinternational.com
Helpline (Top Glove): +601 62062998 | Independent Third Party Helpline Number (Impactt) : +977 9801030549

ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्तकर्ता छैन ।
Trendway International does not have any branch or mediator/sub agent representative.

Trendway International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Beyond Horizon... Trendway International Pvt. Ltd.
License No. 616/063/064
## ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.

Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगानाः घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१-४१०५०१६, ०१-४१०५०१७
: 9801162555, 9801189555 (९८०११६२५५५, ९८०११८९५५५)
Hotline Number (हटलाईन नम्बर): 9851301000 (९८५१३०१०००)

# पुनर्स्थापनामा समेटिएनन् हलिया परिवार

**कर्ण चन्द/मध्यान्ह**
डोटी, २५ मंसिर

दिपायल सिलगढी नगरपालिका-७ पाँकरीको चौकीडाँडामा कैलास आउजीको परिवारले तीन पुस्ता बिताइसके । चौकीडाँडामा उनको घर छ, तर लाजपुर्जा छैन् । कैलाश भन्छन् 'हाम्रो बाजेदेखि यहाँ बस्दै आएका हौँ, हामीलाई यो जमिन विष्ट परिवारले दिएको हो ।' उनी थप्छन् 'यो जग्गाको लाजपुर्जा हामीसँग छैन्, विष्ट परिवारहरुसँग पनि छैन् जस्तो लाग्छ तर एकिन जानकारी छैन् ।'

कैलासको जस्तै ४० परिवार तीन पुस्तादेखि बस्दै आएका छन्। तर उनीहरुले अहिलेसम्म लाजपुर्जा प्राप्त गर्न सकेका छैनन्। हलिया मुक्तीको घोषणा भएको १४ वर्षसम्म पनि हलियाको परिचयपत्र समेत पाउन सकेका छैनन् । विभिन्न समयमा गरेर तीन पटक मुक्त हलियको परिचयपत्रको माग गर्दै निवेदन दिएको सिता पार्कीले बताइन् । पार्कीले भनिन् 'हामीले तीन पटक गरेर निवेदन दियौँ तर सुनुवाई भएन, हामीले हलिया मुक्तीको अफिस, मालपोत र प्रशासनमा पटक -पटक धायौँ परिचयपत्र पाउन सकेनौँ, हामी जस्ता वास्तविक हलियाको नाम समावेश गर्नुपर्छ ।' वास्तविक हलिया भए नभएको छानविन गरेर भए पनि एक पटक छुट मुक्त हलियाको नाम समावेश गर्नुपर्ने माग गर्दै आएका छन् ।

बिहान बेलुका खान नै समस्या आएपछि ९ कक्षामा बढ्ने छोरालाई भारत पठाएको बताउँछिन् नरु कोली । उनी भन्छिन् 'काम गरौँ खेतबारी छैन दाहुरा बचेर मात्रै छोरालाई पढाउने घर खर्च टार्न सक्ने अवस्था हाम्रो भएन त्यसपछि भारतमा जानुको विकल्प रहेन ।' सामान्य गुजरा समेत नहुने भएपछि स्कुले छोरालाई समेत कामका लागि भारत पठाउन यो गाउँको नियति बनेको छ ।

जवा देवी लुहारलाई भविष्यको चिन्ताले सताई रहन्छ । दृष्टिविहिन श्रीमानको स्याहारमा व्यस्त रहेकी उनी भन्छिन्, 'हाम्रो भविष्य के होला ?, न छोराहरु छन् न कुनै आय स्रोत ?, अहिले त काम गरेर जसोतसो थेगेकी छु । मेरो उमेर पनि बढ्दै गएको छ । कसरी परिवार चलाउने होला ?' मुक्त हलिया पुनर्स्थापनाको कार्यक्रम स्थानीय तहमा हस्तान्तण भएपनि छुट भएका हलियाको नाम समावेश गर्ने तथा तथ्यांक संकलन गर्ने कुनै चासो छैन् ।

चुनावको समयमा मात्रै नेताहरुले दलित बस्तीको कुरा सुन्ने गरेको भएपनि काम भने अहिले पनि नगर्ने गरेको स्थानीय लक्ष्मी वि.कले बताइन् । वि.कले भनिन् 'हामी बसेको जग्गा कसको नाममा छ ?, त्यो पनि थाहा छैन् । हामीसँग सोधिखोजी गर्ने मान्छे छैनन् ?, अरु कसले काम गरि दिन्छ ?' दिपायल सिलगढी नगरपालिका-७ चौकीडाँडाका छुट भएका हलिया परिवारका बारेमा यसभन्दा पहिला जानकारी नपाएको दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख बाजी सिं खड्काले बताए । खड्काले भने 'यसभन्दा पहिला मलाई जानकारी थिएन, त्यहाँको समस्याबारे के गर्नुपर्छ ?, म आवश्यक पहल लिन्छु ।' अझै पनि ठूलो संख्यामा मुक्त हलियाहरु पुनर्स्थापना प्याकेजमा छुटेको मुक्त हलिया समाज डोटीका अध्यक्ष बजिर सिं नेपालीले बताए ।


## MALAYSIA र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : SENAMY INDUSTRIES SDN.BHD. शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०२२/०६/१५ चलानी नं.: ६०१८१०३७ LT. No.: 265086 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : ALTHAWAQH FOOD COMPANY LTD. शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०२२/०४/२८ चलानी नं.: ६०१७८६९३ LT. No.: 262351 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ४ गते गते (19 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

## मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Employer Company : Kam Mar Plastic Sdn. Bhd

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०२२/१२/०९ | चलानी नं.: | ६०१९३१३७ | एल टि नं.: | २७७१२४ |
| Pre Approval Date: | 2022/12/09 | Invoice No.: | 60193137 | L.T. No.: | 277124 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब रिङ्गिट | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,६५० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति ४ पुष २०७९ गतेमा हुनेछ ।
Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 19th December 2022.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

